१. रिपोर्टिङ्ग तथा कार्यप्रगति
२. आ. व. २०७६।०७७ को राजस्व अनुमान तथा व्यवस्थापन
३. आ. व. २०७६।०७७ को वार्षिक नीति तथा कार्यक्रम
४. आ. व. २०७६।०७७ को वार्षिक बजेट निर्माण प्रक्रिया
५. घरेलु लघु औद्योगिक ग्राम
६. बहुप्राविधिक क्याम्पस (सिटिइभिटी)
७. शिक्षा क्षेत्र व्यवस्थापन
८. स्वास्थ्य क्षेत्र व्यवस्थापन
९. विविध

१। नगर प्रमुख श्री कृष्ण प्र. पौडेल र प्रमुख प्रशासकीय अधिकृत श्री शिवराज सेढाईबाट उपमहानगरपालिकाको समग्र गतिविधि र प्रशासनिक कार्य तथा योजना सञ्चालन सम्बन्धी विवरण प्रस्तुत भयो ।

२। आ. व. २०७६।०७७ को राजस्व अनुमान तथा व्यवस्थापनका लागि परामर्शदातासहितको अन्तरक्रिया र सिफारिशका आधारमा राजस्व अनुमान आगामी जेठ २० गते भित्र पेश गर्न स्थानीय राजस्व परामर्श समितिलाई जिम्मेवारी दिने निर्णय गरियो ।

३। आ. व. २०७६।०७७ को वार्षिक नीति तथा कार्यक्रम मस्यौदा लेखन कार्य जेठ मसान्तसम्म गर्ने प्रमुख, उपप्रमुख र प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवारी दिने निर्णय गरियो ।

४। आ. व. २०७६।०७७ को नीति तथा कार्यक्रम र राजस्व अनुमानका आधारमा वार्षिक बजेट निर्माण प्रक्रियाक्रममा जेठ २० गतेभित्र बस्तीस्तरमा योजना संकलन गरिसक्नका लागि वडा समितिलाई पत्राचार गर्ने निर्णय गरियो । २०७६ आषाढ १ गतेभित्र वार्षिक बजेट निर्माण सम्बन्धित विषयगत समितिमार्फत गृहकार्य गरिसक्नुपर्ने निर्णय गरियो ।

५। घरेलु लघु औद्योगिक ग्राम स्थापनाका लागि जीतपुरसिमरा उपमहानगरपालिका वडा नं. १६ को कतवा गाउको उत्तरतर्फ रहेको वन क्षेत्रभित्रकाको खाली जमिनमा आवश्यक व्यवस्थापन गर्ने निर्णय गरियो । सो प्रस्ताव प्रदेश सरकारमार्फत संघीय सरकार उद्योग, वाणिज्य तथा आपूर्ती मन्त्रालयमा पठाउने निर्णय गरियो ।

६। यस उपमहानगरपालिकाभित्र प्राविधिक शिक्षा तथा व्यवसायिक तालीम परिषद (सिटीइभिटी) अन्तर्गत प्राविधिक शिक्षालय स्थापनाका लागि प्रक्रिया अघि बढाउने निर्णय गरियो । सम्भावित स्थानका रुपमा वडा नं. ५ चकुलियामा रहने निर्णय गरियो ।

७। शिक्षा क्षेत्र व्यवस्थापनका सन्दर्भमा विद्यालयहरुको अनुगमनलाई प्रभावकारी बनाउने निर्णय गरियो । शिक्षा क्षेत्रको सशर्त बजेटको कार्यान्वयनमा भइरहेको ढिलाईलाई आत्मसात गर्दै कार्यान्वयन प्रक्रियालाई शिघ्रताका साथ अघि बढाउने निर्णय गरियो ।

८। स्वास्थ्य क्षेत्र व्यवस्थापनका सन्दर्भमा हाल जीतपुरसिमरा उपमहानगरपालिकाभित्र प्रस्तावित वडा नं. ११, १३, १४, १६ र २० मा स्वास्थ्य सेवा उपलब्ध गराउनका लागि आवश्यक कर्मचारीहरु नियुक्ती भइसकेकोले ती वडाहरुमा स्वास्थ्य संस्था सञ्चालनका लागि आवश्यक पर्ने दुई वटा कोठा भाडामा लिनका लागि प्रक्रिया अघि बढाउने निर्णय गरियो ।

डुमरवानास्थित शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्रमा प्राविधिक जनशक्ति नियुक्ति र आवश्यक उपकरण तथा अन्य व्यवस्थापन तत्काल मिलाउने निर्णय गरियो ।

साथै जीतपुरमा सञ्चालित बर्थिङ सेन्टरमा स्रोतको अपुग भएकोले सोको छलफल गरी व्यवस्थापन गर्ने जिम्मेवारी उपप्रमुखलाई दिने निर्णय गरियो ।

९। विविध सम्बन्धमा:

क। प्रदेशबाट प्राप्त रु. एक/एक करोडको दुईवटा सशर्त बजेटलाई उपभोक्ता समितिमार्फत कार्यान्वयन गर्दा आवश्यक लागत सहभागिता अनिवार्यता नगर्ने निर्णय गरियो ।

Scanned by CamScanner

ख) वडा नं. ११ बाट प्राप्त पत्र अनुसार कल्भर्ट निर्माणका लागि विनियोजित रु. ५,००,०००।०० सोही वडाको खुला दिशामुक्त अभियानमा दलित तथा विपन्न समुदायलाई शौचालय निर्माणका लागि खर्च गर्ने निर्णय गरियो ।

ग) जीतपुरसिमरा उपमहानगरपालिका वडा नं. १५ को प्रस्तावित सहजनाथ एफएम सञ्चालनका लागि स्वीकृति दिने निर्णय गरियो ।

घ) उपमहानगरपालिकाका विद्यमान कानूनहरुलाई संघीय तथा प्रदेश कानून अनुरुप बनाउनुपर्ने र आवश्यकता अनुसार परिमार्जन प्रस्ताव र नयां कानून निर्माणका लागि तयार गर्ने निर्णय गरियो ।

ङ) वडा नं. ५ मा नाला निर्माणका लागि साना पूर्वाधार शिर्षकबाट रु. ५,००,०००।०० व्यवस्था मिलाउने साथै वडा नं. ३ मा भांग्रा नदीनियन्त्रणका लागि रु. ३,००,०००।०० व्यवस्था गर्ने निर्णय गरियो ।

च) आ. व. २०७४।०७५ मा सम्झौता भई कार्यान्वयनमा रही सम्पन्न हुन नसकेका वडा नं. ४ को फरहदवामा रहेको सामुदायिक भवनका लागि म्याद थप छुट भएकोले रु. २,००,०००।०० र वडा नं. १० को अधुरो सामुदायिक भवन मर्मतका लागि रु. ६८,०००।०० साना पूर्वाधार शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

छ) नेपाल मगर संघको निवेदन र वडा समितिको सिफारिश बमोजिम भवन बनाउनका लागि उक्त जग्गा उपलब्ध गराउने निर्णय गरियो ।

ज) जीतपुरसिमरा उपमहानगरपालिका वडा नं. १ निवासी श्री मायादेवी चौहानले दिनुभएको निवेदन अनुसार पूर्वकर्मचारी स्व. केदार बस्नेतकी छोरीलाई कक्षा १२ सम्म अध्ययनका लागि मासिक रु. २,०००।०० सहयोग गर्ने पूर्वनिर्णयलाई कार्यान्वयन गर्ने निर्णय गरियो ।

Scanned by CamScanner